नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, तेह्रथुम

## वार्षिक कार्य योजना तर्जुमा र कार्यान्वयन

## आर्थिक वर्ष २०८३/०८४

## (मिति २०८३ श्रावण ०१ देखि २०८४ असार मसान्तसम्म)

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | क. सेवाग्राहीमैत्री कार्यालय व्यवस्थापन | | | | | |
| १ | सेवा प्रवाहमा सहजीकरणका लागि जिल्लास्थित सबै सरकारी कार्यालयहरूमा *नागरिक सहायता कक्ष (Help Desk)* स्थापना तथा प्रभावकारी सञ्चालन गर्ने/गराउने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरु | श्रावण महिना शुरु गरी निरन्तर | सेवाग्राहीले सहज रुपमा सेवा पाउने । | सहायता कक्ष स्थापना तथा सेवा सञ्चालन अवस्था |
| २ | सबै सरकारी कार्यालयहरूमा सेवाग्राहीहरूको लागि ***Free Wi Fi, First Aid Kit, शुद्ध खानेपानी (तातो/चिसो), Mobile Charging Station*** व्यवस्था गर्ने/गराउने । | जिल्ला प्रशासन कार्यालय<br>सबै सरकारि कार्यालयहर | सबै सरकारी कार्यालयहरु | श्रावण महिना शुरु गरी निरन्तर | सेवा लिन आउने सेवाग्राहीहरुले सहज रुपमा प्रयोगगरी कार्यालयमा व्यवस्थापन भएको हुने । | उल्लेखित सुविधा उपलब्धता तथा उपयोग अवस्था |
| ३ | जिल्ला प्रशासन कार्यालयमा सेवाग्राही लक्षित पुस्तकालयमा पाठ्यपुस्तकको संख्या वढाउने र थप व्यवस्थित गर्ने। साथै सेवाग्राही प्रतिक्षालयको क्षमता विस्तार गरिनेछ। | जिल्ला प्रशासन कार्यालय | कार्यालयका कर्मचारीहरु | श्रावण महिना भित्र | सेवा प्रवाह र प्राप्ति सम्बन्धी ऐन, नियम, कार्यविधि तथा अन्य विषयमा समेत सेवाग्राहीले ज्ञान प्राप्त गरेको हुने। साथै सेवा प्राप्तीमा सहजता आएको हुने। | पुस्तकालय निर्माण तथा प्रयोग र पुस्तहरुको अवस्थिति |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | **ख. सुशासन तथा प्रभावकारी सेवा प्रवाह व्यवस्थापन** | | | | | |
| ४ | सबै सरकारी कार्यालयहरूमा सूचना अधिकारीको फोटो सहितको विवरण अद्यावधिक गरी ***सूचना अधिकारीहरूको लागि छुट्टै मोवाईल नम्वर***को उपयोग गर्ने/गराउने । | सबै सरकारी कार्यालयहरू | जिल्ला प्रशासन कार्यालय | श्रावण महिना भित्र | सेवाग्राहीलाई सूचना तथा जानकारी प्राप्त गर्न सहज भएको हुने । | सूचना अधिकारी र मोबाइल नम्बरको अद्यावधिक विवरण |
| ५ | सबै सरकारी कार्यालयले सूचनाको हक सम्वन्धी ऐनको व्यवस्थाअनुसार कार्यालयका ३/३ महिनाका गतिविधिहरूलाई ***स्वत:प्रकाशन (Pro-active Disclosure)*** मार्फत अनिवार्य सार्वजनिक गर्ने र वार्षिक प्रगति अवस्था समेत सार्वजनिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय | निरन्तर | सरकारी कार्यालयबाट सम्पादित कार्यहरूको बारेमा सेवाग्राही सूसुचित भएको हुने । | स्वत: प्रकाशन तथा वार्षिक प्रतिवेदन |
| ६ | सबै सरकारी, कार्यालयहरूवाट आफ्नो सेवा प्रवाहका सम्वन्धमा नागरिकको पृष्ठपोषण प्राप्त गर्न ***"सेवाग्राही सन्तुष्टि सर्वेक्षण"*** गर्ने। | प्रत्येक सरकारी कार्यालय | सबै सरकारी कार्यालयहरू | २०८४ बैशाख मसान्त | सार्वजानिक सेवा प्रवाह सम्वन्धमा सेवाग्राहीको पृष्ठपोषण प्राप्त हुने । | सेवाग्राही सन्तुष्टि सर्वेक्षण प्रतिवेदन |
| ७ | सेवा प्रवाह, सुशासनसम्वन्धी उजुरी तथा गुनासो सम्वोधन गर्न जिल्ला प्रशासन कार्यालयमा ***Hotline मार्फत २४ सै घण्टा उजुरी, गुनासो सुनुवाई*** हुने संयन्त्र विकास तथा सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय, स्थानीय तह, राजनैतिक दल, नागरिक समाज, सञ्चार माध्यम | निरन्तर | सुशासन प्रवर्द्धन गर्न सहयोग पुगेको हुने । | Hot Line Number तथा गुनासो सुनुवाई सम्वन्धी अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ८ | सबै सरकारी कार्यालयहरूले कार्यालयबाट सम्पादन गरिएका गतिविधिहरूलाई *मासिकरूपमा वेभसाईट/सामाजिक सञ्जाल/ सूचनापाटीमार्फत सार्वजानिक गर्ने* व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | निरन्तर | कार्यसम्पादनमा जवाफदेहीता तथा पारदर्शिता कायम भएको हुने । | मासिक प्रगति प्रतिवेदन |
| ९ | सबै सरकारी कार्यालयको स्वामित्वमा रहेका *चल अचल सम्पत्ति (जग्गा, भवन, सवारी साधन) को विस्तृत अभिलेख* तयार गर्ने/गराउने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०८४ साल भित्र निरन्तर | सरकारी सम्पत्तिको उपयोग तथा संरक्षण भएको हुने । | चल अचल सम्पत्ति अभिलेख |
| १० | जिल्लास्थित *सरकारी तथा सार्वजनिक जग्गाहरुको अभिलेखीकरण तथा प्रोफाईल* तयार गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सबै सरकारी कार्यालयहरू | २०८४ साल भित्र निरन्तर | सरकारी तथा सार्वजनिक जग्गाहरुको पहिचान ,उपयोग तथा संरक्षण भएको हुने । | प्रोफाईल |
| ११ | जिल्ला प्रशासन कार्यालयका समग्र गतिविधिहरू समावेश गरी *अर्धवार्षिक र वार्षिक वुलेटीन* प्रकाशन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | पौष मसान्त र असार मसान्त | कार्यालयका गतिविधिहरु पारदर्शी हुने । | वुलेटीन |
| १२ | सार्वजनिक सेवा प्रवाहमा सरलीकरण गर्न सबै सरकारी कार्यालयका सेवाहरू र सो प्राप्तिको प्रक्रियासहित *एकीकृत नागरिक वडापत्र* प्रकाशन गर्ने तथा स्थानीय तह स्तर सम्म प्रवोधिकरण गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू, स्थानीय तह, सञ्चार माध्यम | निरन्तरता | सार्वजनिक सेवा तथा प्राप्तिको प्रक्रियाका वारेमा सेवाग्राहीलाई जानकारी प्राप्त भई सेवा प्रवाह र प्राप्तिमा सहज भएको हुने । | एकीकृत नागरिक वडापत्रको प्रकाशन तथा प्रवोधिकरण |
| १३ | सबै सरकारी कार्यालयहरूमा उत्कृष्ट कार्यसम्पादन गर्ने कम्तीमा १/१ जना | जिल्ला प्रशासन | सबै सरकारी कार्यालय, कर्मचारी | निरन्तरता | उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीको मनोवल उच्च | पुरस्कृत तथा सम्मानित कर्मचारी |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | *कर्मचारीलाई पुरस्कृत* गर्नेका साथै सेवा निवृत्त भई यस जिल्लामा रहनुहुने कर्मचारीलाई सम्मान गर्ने । | कार्यालय | मिलन केन्द्र | | हुनुका साथै सेवा निवृत्तहरूले सम्मानित भएको अनुभूति गरेको हुने। | विवरण |
| १४ | उच्च कार्यवोझमा कार्य गर्ने कार्यालयका कर्मचारीहरूलाई *तनाव व्यवस्थापन, मनोसामाजिक परामर्श सम्वन्धी तालिम* सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | विभिन्न संघसंस्थाहरु | आवश्यकता अनुसार | कर्मचारीबाट सेवाग्राहीमैत्री व्यवहार प्रदर्शित भएको हुने | तालिम सञ्चालन प्रतिवेदन र जनशक्ति उत्पादन |
| १५ | सरकारी *सवारी साधनको सदुपयोगका* लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू, जिल्ला प्रहरी कार्यालय | निरन्तर | सरकारी सवारी साधन हरु मितव्ययी रुपमा उपयोग भएको हुने। | कार्यविधि र कार्यान्वयन अवस्था प्रतिवेदन |
| १६ | *मुआव्जा* वितरण सम्वन्धी विस्तृत अभिलेख तयार गरी अर्धवार्षिक/वार्षिक रुपमा सार्वजानिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | भुमि प्रशासन कार्यालय, स्थानीय तह, विकास आयोजनाहरु | निर्णय भएपछि तुरुन्त | मुआव्जाको विवरण व्यवस्थित हुने । | मुआव्जा अभिलेख |
| १७ | जिल्ला प्रशासन कार्यालयबाट विवरण दर्ता भई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा छपाई भएका राष्ट्रिय परिचय पत्र कार्ड *वितरण गर्ने कार्यलाई थप प्रभावकारी बनाउने* । | जिल्ला प्रशासन कार्यालय | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, स्थानीय तह सञ्चार माध्यम | निरन्तर | नागरिकले राष्ट्रिय परिचयपत्र सहज रूपमा प्राप्त गर्न सकेको हुने | वितरण संख्या |
| १८ | ईलाका प्रशासन कार्यालय संक्रान्तिवजार वाट समेत *राष्ट्रिय परिचयपत्र विवरण दर्ता कार्यलाई थप प्रभावकारी बनाउने* । | जिल्ला प्रशासन कार्यालय | ईलाका प्रशासन कार्यालय स्थानीय तह, सञ्चार माध्यम | निरन्तर | राष्ट्रिय परिचयत्र विवरण दर्ता कार्यमा नागरिकहरुलाई सहज हुने। | सेवा सञ्चालन अवस्था प्रतिवेदन |

ग. शान्ति सुरक्षा र अपराध नियन्त्रण

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १९ | ***Security Profile/Crime Mapping*** सहितको सुरक्षा रणनीतिक योजना अद्यावधिक गरी प्रभावकारी कार्यान्वयन गर्ने/गराउने । | जिल्ला सुरक्षा समिति | जिल्ला प्रशासन कार्यालय, सबै सुरक्षा निकाय, स्थानीय तह, राजनैतिक दल, सबै सरकारी कार्यालय, सञ्चार माध्यम, आम नागरिक | २०८४ श्रावण मसान्तसम्म अद्यावधिक तथा निरन्तर कार्यान्वयन | शान्ति सुरक्षा तथा अमनचैन कायम भई शान्ति सुरक्षा प्रति जनविश्वास अभिवृद्धि हुने। | रणनीतिक सुरक्षा योजना तथा कार्यान्वयन प्रगति अवस्था |
| २० | जिल्लामा घटेका ***अपराधिक गतिविधि हरुको समीक्षा, विश्लेषण*** गरी नियन्त्रणका लागि स्थानीय तह, राजनैतिक दल, सरोकारवाला पक्षहरुसंग समन्वय तथा सहकार्य गर्ने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला सुरक्षा समिति, स्थानीय तह, राजनीतिक दल, सञ्चार माध्यम, आम नागरिक | निरन्तर | आपराधिक अवस्थाको पहिचान भई समयमै निराकरणमा सहयोग भएको हुने । | स्थिति प्रतिवेदन |
| २१ | सामाजिक अपराध न्यूनीकरणका लागि School Outreach कार्यक्रम सञ्चालन गर्न सबै स्थानीय तह मार्फत माध्यमिक विद्यालयहरुमा समन्वय गर्ने/गराउने। | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह , जिल्ला प्रहरी कार्यालय, शिक्षा विकास तथा समन्वय ईकाई, विद्यालयहरु शिक्षकहरु | निरन्तर | समाजमा अपराधका घटनाहरु न्यूनीकरण भई समाजमा दिगो शान्ति तथा स्थीरता कायम गर्न मद्वत पुग्ने । | कार्यक्रम सञ्चालन प्रतिवेदन |
| २२ | शान्ति सुरक्षा र अपराध नियन्त्रणमा स्थानीय तहको भुमिका विषयक कार्यक्रम स्थानीय स्तरमा सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह , जिल्ला प्रहरी कार्यालय, सञ्चार माध्यम तथा नागरिक समाज | निरन्तर | शान्ति सुरक्षा र अपराध नियन्त्रणमा स्थानीय तहबाट समन्वय र सहकार्य अभिवृद्धि भएको हुने । | कार्यक्रम सञ्चालन प्रतिवेदन |
| २३ | आत्महत्याका घटनाको न्यूनीकरणका लागि विद्यालय मार्फत मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श (Mental Health and | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, जिल्ला प्रहरी कार्यालय, स्वास्थ्य कार्यालय, | निरन्तर | आत्महत्याका घटनाहरुमा कमी आउने । | आत्महत्याका कारण तथा निराकरण सम्वन्धी |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | Psychosocial Counseling) सेवा सञ्चालन गर्न माध्यमिक तहको सामाजिक विषय अध्यापन गर्ने शिक्षक, स्वास्थ्यकर्मी तथा प्रहरी कर्मचारीहरुको लागि आवश्यक तालिम प्रदान गर्न समन्वय गर्ने। | | अस्पताल, आयुर्वेद अस्पताल, OCMC, विद्यालयहर शिक्षकहरु, | | नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेहथुम | कार्यक्रम सञ्चालन प्रतिवेदन |
| २४ | कारागारका कैदीवन्दीहरुको उद्यमशीलता अभिवृद्धिका लागि आवश्यक समन्वय गर्ने गराउने। | जिल्ला प्रशासन कार्यालय | कारागार कार्यालय, स्थानीय तह, घरेलु तथा साना उद्योग विकास कार्यालय<br>उद्योग वाणिज्य संघ | पौष र चैत्र मसान्त | कैदिवन्दीहरुमा उद्यम र स्वावलम्वी भावना जागृत हुने र सामाजिक एकिकरणमा समेत सहयोगी<br>हुने । | सिपबाट बस्तुहरुको उत्पादन |
| २५ | नियमित रुपमा कारागारका कैदीवन्दीहरुलाई योग प्रशिक्षणको व्यवस्था मिलाउने। | जिल्ला प्रशासन कार्यालय | कारागार कार्यालय, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र<br>योग प्रशिक्षण केन्द्रहरु | आवश्यकता अनुसार | कैदीवन्दीहरुमा सकारात्मक सोच र स्वास्थ्य सम्बन्धी सचेतना अभिबृद्धि भएको हुने। | कैदीवन्दीहरुको स्वास्थ्य अवस्था र कारागारको वातावरण |
| २६ | राजमार्गमा हुने जुनसुकै अवरोधलाई तत्काल हटाई निर्वाध रुपमा यातायात सूचारु गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्लास्थित सबै सुरक्षा निकायहरू | स्थानीय तह, सम्बन्धित आयोजनामा, विभाग कार्यालय,<br>यातायात व्यवसायी, निजीक्षेत्र, सञ्चार माध्यम | निरन्तर | राजमार्ग अवरोधको घटना न्यूनीकरण भई निर्वाधरुपमा यातायात सञ्चालन हुने । | अवरोधका घटना र सूचारु सम्वन्धी प्रतिवेदन |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| २७ | सडक, वजार क्षेत्रमा रहेका CCTV हरु मार्फत गतिविधिहरूको जिल्ला प्रहरी कार्यालय तथा जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रबाट नियमित विश्लेषण गर्ने व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय, स्थानीय तह, जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र | निरन्तर | बजार क्षेत्रमा हुने अवाञ्छित गतिविधीहरुको न्यूनीकरण भएको हुने अपराध गरेमा तुरुन्त कारवाहीको दायरामा ल्याउने। | सीसीटीभी विश्लेषण |
| २८ | रुग्ण विकास आयोजनाहरुको विवरण अद्यावधिक गरी तत्काल कार्य सूचारु गर्ने वातावरण सिर्जना गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सम्बन्धित कार्यालय र आयोजना, सुरक्षा निकायहरु | निरन्तर | रुग्ण विकास आयोजनाहरूको पहिचान भई सम्पन्न गर्ने वातावरण तयार भएको हुने । | रुग्ण आयोजनाहरूको विवरण तथा निर्माण अवस्था प्रतिवेदन |
| २९ | गैरसरकारी संस्थाहरूको विस्तृत प्रोफाईल तयार गर्ने । | जिल्ला प्रशासन कार्यालय | गैरसरकारी संस्था महासंघ | २०८४ असार मसान्त, निरन्तर | गैरसरकारी संस्थाहरूको विवरण एकीकृत भई ती संस्थाहरूबाट सञ्चालित क्रियाकलापहरू अनुगमन गर्ने कार्य प्रभावकारी हुने । | प्रोफाइल |
| ३० | अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरुलाई कानुन तथा न्यायसम्वन्धी तालिम प्रदान गर्ने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला अदालत, उच्च/ सरकारी वकील कार्यालय तथा अर्धन्यायिक निकायहरु | निरन्तर | अर्धन्यायिक निकायबाट सम्पादन हुने कानुन तथा न्याय सम्वन्धी सेवा गुणस्तरीय हुने । | तालिम सञ्चालन प्रतिवेदन |
| | **घ. विपद् व्यवस्थापन** | | | | | |
| ३१ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Response Plan- | जिल्ला विपद् व्यवस्थापन | स्थानीय तहस्तरीय विपद् व्यवस्थापन | २०८३ श्रावण | विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यको व्यवस्थापन | योजना दस्तावेज तथा कार्यान्वयन |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | DPRP),अद्यावधिक तथा कार्यान्वयन गर्ने । | समिति, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट | समिति, सुरक्षा निकायहरू, विपद् व्यवस्थापन क्लष्टर, सरकारी तथा गैरसरकारी सरोकारवाला निकायहरू | मसान्तसम्म | प्रभावकारी भएको हुने । | प्रतिवेदन |
| ३२ | सबै सरकारी, बैक तथा वित्तिय संस्थाहरूमा आगलागिको सम्भावित जोखिम न्यूनीकरण गर्नका लागि उच्च क्षमताको कम्तीमा १/१ वटा Fire estinguisher जडान गर्ने/गराउने तथा सो सञ्चालनका लागि क्षमता विकास गर्ने ।साथै स्थानीय नागरिकहरुका लागि समेत यस विषयमा सचेतीकरण गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सम्बद्ध निकायहरू,उद्योग वाणिज्य संघ, नागरिक समाज | निरन्तर | आकस्मिक रूपमा हुन सक्ने आगलागीको जोखिम न्यूनिकरण हुने । | Fire estinguisher जडान तथा अभिमुखीकरण |
| ३३ | आगलागीको सम्भावित जोखिम न्यूनीकरण गर्न म्याङ्लुङ वजार क्षेत्रका साघुरो सडक भएका स्थानहरुमा Fire Hydrants जडान गर्न सम्वन्धित निकायहरुसंग समन्वय गर्ने। | जिल्ला प्रशासन कार्यालय, जिल्लास्थित सरकारी कार्यालय सबै | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, खानेपानी उपभोक्ता समिति | निरन्तर | आगलागीको जोखिम न्यूनिकरण हुने । | परियोजना प्रस्ताव र जडान अवस्था |
| ३४ | जिल्ला प्रशासन कार्यालय परिसरमा रहेको पोखरीलाई आगलागी नियन्त्रणको लागि उपयोग गर्न Portable Fire Fighting Pump को व्यवस्थापन एवं प्रयोगलाई थप प्रभावकारी बनाउने। | जिल्ला प्रशासन कार्यालय | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थानीय तह | निरन्तर | आगलागीको जोखिम न्यूनीकरण हुने। | उपकरण प्रयोगको अवस्था। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ३५ | मानवीय सहायता स्थल तथा District Emergency Operation Center- DEOC मा विपद् जोखिम प्रकृति अनुसार खोज, उद्धार तथा पुनर्स्थापनाका लागि आवश्यक न्यूनतम सामाग्रीहरु व्यवस्थापन गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति | प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकायहरू | निरन्तर | प्रतिकार्य तथा पुनर्स्थापना कार्य प्रभावकारी भएको हुने। | प्रतिकार्य तथा पुनर्स्थापना का लागि आवश्यक सामाग्री सहितको मानवीय सहायता स्थल |
| ३६ | SMS मार्फत विपद् घटनाहरूको वारेमा सम्वद्ध व्यक्ति, निकायहरूलाई जानकारी गराउने । | जिल्ला विपद् व्यवस्थापन समिति | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, विपद् व्यवस्थापन क्लष्टर | निरन्तर | विपद्जन्य घटनाहरूको बारेमा यथाशीघ्र जानकारी प्राप्त भई समयमै उचितव्यवस्थापन गर्न सहयोग पुगेको हुने । | जानकारी प्राप्त गर्ने व्यक्ति तथा संस्था |
| ३७ | आगलागी र पहिरोको विपद् घटनाको पूर्वतयारी र प्रतिकार्य सम्बन्धी सचेतनाको लागि सबै स्थानीय तहका सम्भावित जोखिमयुक्त स्थानमा Simulation गर्ने। | सुरक्षा निकाय | जिल्ला प्रशासन कार्यालय,<br>स्थानीय तह,<br>सरोकारवाला संघ संस्था | निरन्तरता | जनचेतना भई विपद्का घटनाहरु न्यूनीकरण हुने। | Simulation गरेको संख्या |
| ३८ | जिल्ला प्रशासन कार्यालयको परिसरमा निर्मित विपद् पूर्वतयारी र प्रतिकार्य सामग्री सहितको Ware House (गोदाम धर) को थप सुदृढिकरण गर्ने। | जिल्ला प्रशासन कार्यालय | NDRRMA, स्थानीय तह | निरन्तर | विपद्को समयमा तुरुन्त प्रयोग गरी उद्धार गर्न सकिने। | उद्धार गरिएको संख्या |
| ३९ | सबै स्थानीय तहमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) स्थापनाका लागि समन्वय र सहकार्य गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह | निरन्तर | स्थानीयस्तरमा विपद् व्यवस्थापनका कार्यमा प्रभावकारीता कायम हुने । | LEOC स्थापनाका लागि समन्वय र सहकार्य प्रतिवेदन |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | ङ. विविध | | | | | |
| ४० | व्यक्तिगत घटना दर्ता (पञ्जीकरण) सम्वन्धि कार्यसम्पादनमा एकरुपताका लागि स्थानीय तहसंग समन्वय गरी स्थानीय पञ्जीकाधिकारीहरुको क्षमता विकास गर्ने/ गराउने । | जिल्ला प्रशासन कार्यालय | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग, स्थानीय तह | निरन्तर | व्यक्तिगत घटना दर्ता कार्य सरलीकरण एवम् एकरुपता हुने । | कार्यक्रम सञ्चालन प्रतिवेदन |
| ४१ | विदेशी नागरिकहरुको आवागमन तथा गतिविधीहरुको निगरानी गरि अध्यागमन प्रणलीलाई व्यवस्थित गर्ने। | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी वल नेपाल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | नियमित/ निरन्तर | विदेशि पर्यटक तथा अन्य नागरिकहरुको यथार्थ अवस्था यकिन भएको हुने। | विदेशी नागरिहरुको प्रवेश उपस्थिति र प्रस्थानको |
| ४२ | श्रीमान् गृहसचिवज्यू र प्र.जि.अ. बीच भएको कार्यसम्पादन करार सम्झौता बमोजिमका कार्यक्रम कार्यान्वयन गर्ने। | जिल्ला प्रशासन कार्यालय | - सबै स्थानीय तह<br>- सबै राजनीतिक दल<br>- सबै सार्वजनिक निकाय | निरन्तर | कार्यसम्पादन सम्झौता बमोजिमका क्रियाकलाप पूर्ण कार्यान्वयन | प्रगति प्रतिशत |

नोटः

१. स्थानीय प्रशासन ऐन २०२८, सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन २०६४/ ऐ. नियमावली २०६५ तथा विभिन्न विषयगत ऐन, कानुन अनुसार जिल्लाका सबै सरकारी तथा सार्वजनिक निकायहरुमा सुशासन कायम गर्ने गराउने क्षेत्राधिकार जिल्ला प्रशासन कार्यालयमा रहेको सन्दर्भमा यस कार्ययोजना अनुसार सुधारका क्रियाकलापहरु कार्यान्वयन गर्नु/गराउनु सम्वन्धित कार्यालयहरुको कर्तव्य हुनेछ ।

२. जिल्ला प्रशासन कार्यालयबाट नियमित रुपमा सम्पादन हुने गतिविधिहरु यस कार्ययोजनामा समावेश गरिएको छैन ।

३. यो कार्ययोजना अनुसारको कार्यसम्पादन २०८३ श्रावण १ गतेवाट सुरुवात भई आर्थिक वर्ष २०८३/०८४ अवधिभर हुनेछ ।